धुलिखेल नगरपालिका
Dhulikhel Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
धुलिखेल, काभ्रेपलाञ्चोक
Dhulikhel, Kavrepalanchok

फोन नं :०११-४९०३२४,४९०७२४
फ्याक्स नं :९७७-११४९००२१
बागमती प्रदेश,नेपाल

प. सं:२०८१।८२
च.नं: १५८०

मिति: २०८१।१०।२०
ने.सं.:११४५, सिल्लाथ्व, ४, आइतवार

## दोस्रो पटक प्रकाशित सूचना

### विषयः बाल विकास सहजकर्ता पदपूर्तिका लागि पुनः दरखास्त आह्वान गरिएको सूचना ।

सरोकारवाला सम्बन्धित सबै

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गतका श्री दारिम्बोट बाल प्रावि दारिम्बोटमा रिक्त रहेको बाल विकास केन्द्रको सका पद खुल्ला प्रतियोगितात्मक परीक्षाको माध्यमद्वारा पूर्ति गर्न मिति २०८१।०८।०५ मा पहिलो पटक विज्ञापन भइ आवेदन गर्ने उम्मेद्वारहरुको छनौट परीक्षा मिति २०८१।१०।१८ मा सञ्चालन भएकोमा कुनै पनि उम्मेद्वार उत्तीर्ण नभएकोले उक्त रिक्त पद पूर्तिका लागि यस नगरपालिका कार्यालयको मिति २०८१।१०।२० को निर्णयानुसार पुनः दोस्रो पटक विज्ञापन गरिएको छ । योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट आफ्नो शैक्षिक योग्यताका प्रमाणपत्र र माग गरिएका अन्य कागजात संलग्न राखी सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा यसै साथ संलग्न ढाँचाको आवेदन फाराम भरी निवेदन पेश गर्नुहुन दरखास्त आह्वान गरिएको छ ।

### तपसिल

१. विज्ञापन

क. विज्ञापन नः ०६/०८१/८२

i. विद्यालयः श्री दारिम्बोट बाल प्रावि दारिम्बोट, धुनपा ९
ii. पद संख्याः १ एक
iii. तहः बालविकास केन्द्र
iv. पदः बालविकास सहजकर्ता
v. उम्मेद्वार हुन पाउनेः महिलामात्र (विवाहित महिला, बालबालिका हेरचाह गर्न सक्ने सिप वा दक्षता वा अनुभव भएकालाई विशेष ग्राह्यता)
vi. शिक्षण गर्ने मुख्य विषय र तहः बाल विकास केन्द्रका बालबालिकाहरुलाई गीत, कविता, कथा र खेल विधिबाट बालमैत्री वातावरणमा सहजीकरण गर्नुपर्ने
vii. तलव स्केलः संघीय सशर्त अनुदान र नगरपालिकाबाट बाल विकास केन्द्रको सहजकर्ताका लागि थप गरी तोकिएको नियमानुसारको तलब भत्ता
viii. दरखास्त दिने मितिः २०८१।१०।२० देखि २०८१।१०।२७ सम्म (अन्तिम दिन २६ गते शनिवार विदा परेकोले विदाको भोलि पल्ट २०८१।१०।२७ सम्म)
ix. आवेदन दस्तुरः ५००।-(रु पाँच सय)

धुलिखेल नगरपालिका
Dhulikhel Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
धुलिखेल,काभ्रेपलाञ्चोक
Dhulikhel, Kavrepalanchok

धुलिखेल नगरपालिका
(DHULIKHEL MUNICIPALITY)

प. सं:२०८१।८२
च.नं:

फोन नं :०११-४९०३२४,४९०७२४
फ्याक्स नं :९७७-११४९००२९
बागमती प्रदेश,नेपाल

x. न्यूनतम शैक्षिक योग्यता: कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको (अङ्ग्रेजी वा गणित/विज्ञान मुख्य विषय भएकालाई र मन्टेश्वरी तालिम लिएकालाई विशेष ग्राह्यता) ।

**२. उम्मेदवारमा हुनुपर्ने उमेरको हद र न्यूनतम शैक्षिक योग्यता बाहेकका अन्य योग्यता र व्यवस्था:**

i. नेपाली नागरिकताको प्रमाणपत्र ।
ii. डिजिटल पद्धतिबाट शिक्षण गर्नका लागि आवश्यक पर्ने ICT सम्बन्धी ज्ञान भएको हुनुपर्ने ।
iii. दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भै ४० वर्ष ननाघेको हुनुपर्ने ।
iv. शिक्षक सेवा अयोग नियमावली,२०५७ (संशोधन सहित) को नियम १० बमोजिम अयोग्य नभएको ।
v. पाठ्यक्रम: नगरपालिकाले तोकेको पाठ्यक्रम शाखाबाट उपलब्ध हुनेछ ।
vi. दरखास्त दिने स्थान: डाउनलोड गरेर भरिएको नगरपालिकाको दरखास्त फाराम र कागजात संलग्न गरेको फाइल धुलिखेल नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा स्वयम् उम्मेद्वार उपस्थित भइ बुझाउनु पर्नेछ ।

**३.** परीक्षाको किसिम : (क) लिखित परीक्षा (ख) अन्तर्वार्ता (ग) आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा हुन सक्नेछ ।

**४. लिखित परीक्षा हुने मिति र स्थान:** इमेलबाट सूचित गरिनेछ तसर्थ फाराममा आफ्नो इमेल स्पष्ट बुझिने गरी अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

**५. उम्मेदवारले अनिवार्य रूपले पेश गर्नुपर्ने कागजातहरू :**

✓ न्यूतम शैक्षिक योग्यताका प्रमाण पत्रको (उम्मेदवार आफैले प्रमाणित गरेको) प्रतिलिपिहरु
✓ नेपाली नागरिकताका प्रमाण पत्रको प्रतिलिपि
✓ ICT र पेडागोजी/मन्टेश्वरी सम्बन्धी तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपि

भोज कुमार ठकुरी
अधिकृत आठौं

बोधार्थ:
सूचना तथा प्रविधि शाखा, धुलिखेल नगरपालिका, धुलिखेल: नगरपालिकाको वेवसाइट तथा सामाजिक सञ्जालमा अपलोड गरिदिनुहुन ।